# ↔औद्योगिक व्यवसाय ऐन, २०३८

लालमोहर सदर मिति | नेपाल राजपत्रमा प्रकाशित मिति

२०३८।६।१४।४ | २०३८।६।१४

औद्योगिक व्यवसायसम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः देशको द्रुततर आर्थिक विकासको लागि औद्योगिक लगानीको वातावरणलाई बढी सुविधाजनक, सरल र उत्साहवर्धक बनाई रोजगारीको अवसर बढाउन, उत्पादकत्वमा अभिवृद्धि गर्न, निजी क्षेत्रलाई बढी प्रोत्साहित गर्न तथा सर्वसाधारण जनताको सुविधा र आर्थक हित कायम राख्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "औद्योगिक व्यवसाय ऐन, २०३८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उद्योग" भन्नाले दफा ९ मा उल्लेखित उद्योग सम्झनुपर्छ ।

---

↔ औद्योगिक व्यवसाय ऐन, २०४९ द्वारा खारेज ।



नेपाल कानून आयोग

(ख) "घरेलु उद्योग" भन्नाले अधिकतम दुई लाख रूपैयाँसम्मको यन्त्र उपकरण र औजार भई शहरी क्षेत्रमा आठ लाख रूपैयाँ र अन्य क्षेत्रमा पाँच लाख रूपैयाँसम्म स्थिर जेथा भएको उद्योग सम्झनुपर्छ ।

(ग) "साना उद्योग" भन्नाले दुई लाख रूपैयाँभन्दा बढीको यन्त्र, उपकरण र औजार भई बीस लाख रूपैयाँसम्म स्थिर जेथा भएको उद्योग सम्झनुपर्छ ।

(घ) "मझौला उद्योग" भन्नाले बीस लाख रूपैयाँभन्दा बढी एक करोड रूपैयाँसम्म स्थिर जेथा भएको उद्योग सम्झनुपर्छ ।

(ङ) "ठूला उद्योग" भन्नाले एक करोड रूपैयाँ भन्दा बढी स्थिर जेथा भएको उद्योग सम्झनुपर्छ ।

(च) "स्थिर जेथा" भन्नाले जमीन र जमीन सुधार (जस्तै जमीन सम्याउने, पुर्ने, पर्खाल लगाउने), स्थलीय भौतिक पूर्वाधारहरू (जस्तै ड्रेनेज, स्वयरेज, आन्तरिक सडक), भवन तथा आवास, यन्त्र, उपकरण र औजार, उद्योगको अभिन्न अंगको रूपमा रहने परिवहनका साधनहरू, विद्युत् उपकरण, फर्निचर, फिक्स्चर, कार्यालय उपकरणहरू, पानी र टेलिफोनको वितरण प्रणाली जस्ता उद्योगको स्वामित्व भएको जेथा सम्झनुपर्छ । सो शब्दले

नेपाल कानून आयोग

उद्योगमा लगानी हुनुभन्दाअघि वा निर्माण चरणको विभिन्न अवस्थामा हुने वा भएको पूँजीकृत गरिने प्राविधिक परामर्श र सुपरीवेक्षण खर्च, पूर्व लगानी र पूर्व संचालन खर्च तथा निर्माण अवधिको पूँजीकृत हुने ब्याज समेतलाई जनाउनेछ ।

तर घरेलु उद्यगको हकमा स्थिर जेथा भन्नाले आफ्नो स्वामित्व भएको वा भाडामा लिएको यन्त्र, उपकरण र औजार तथा घरजग्गा मात्र सम्झनुपर्छ ।

(छ) "समिति" भन्नाले दफा ७ बमोजिमको औद्योगिक प्रवर्द्धन समिति सम्झनुपर्छ ।

(ज) "सञ्चालन मिति" भन्नाले सम्बन्धित उद्योगले उत्पादन शुरू गरेको वा सेवा प्रदान गरेको मिति सम्झनुपर्छ ।

(झ) "मूल्य अभिवृद्धि (भ्यालु एडेड)" भन्नाले सम्बन्धित उद्योगको वार्षिक कुल उत्पादन खर्चबाट त्यस्तो उत्पादन गर्नको लागि विदेशबाट पैठारी गरिने वा गरिएको कोरा माल, सहायक कोरा माल र रासायनिक पदार्थको लागत, विदेशीलाई दिइने वा दिइएको ज्याला, पारिश्रमिक, परामर्श शुल्क तथा दस्तूर र पैठारी भएको स्थिर जेथाको ह्रास रकम समेत एकमुष्ट रकम कट्टी हुन आउने बाँकी अनुपात सम्झनुपर्छ ।

नेपाल कानून आयोग

(ञ) "निर्यात प्रवर्द्धन क्षेत्र" भन्नाले बीस प्रतिशतभन्दा बढी मूल्य अभिवृद्धि गरी उत्पादित सामान शत प्रतिशत निकासी गर्ने उद्योगहरू स्थापना गरिने क्षेत्र सम्झनुपर्छ ।

(ट) "पर्यटन क्षेत्र" भन्नाले पर्यटन उद्योग विकासको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्र सम्झनुपर्छ ।

(ठ) "अविकसित क्षेत्र" भन्नाले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्र सम्झनुपर्छ ।

(ड) "सम्बन्धित विभाग" भन्नाले श्री ५ को सरकारको उद्योग विभाग वा घरेलु तथा ग्रामीण उद्योग विभाग वा श्री ५ को सरकारले तोकेको अन्य कुनै विभाग वा कार्यालय सम्झनुपर्छ ।

(ढ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. <u>उद्योग स्थापना गर्न अनुमति लिनु पर्ने</u>:- यस ऐन अन्तर्गत कुनै पनि उद्योग स्थापना गर्न चाहने व्यक्तिले सम्बन्धित विभागबाट अनुमति लिनु पर्नेछ ।

नेपाल कानून आयोग

४. उद्योग स्थापना गर्न अनुमति दिने प्राथमिकता क्रमः देहायको उद्योग स्थापना गर्न अनुमति दिंदा प्रचलित कानूनबमोजिम स्थापित देहायका फर्म, संस्था वा कम्पनीलाई प्राथमिकता दिइनेछः-

(क) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको घरेलु उद्योग स्थापना गर्ने व्यक्तिगत फर्म, साझेदारी फर्म, संस्था वा कम्पनीलाई ।

(ख) साना उद्योग स्थापना गर्न फर्म, साझेदारी फर्म, संस्था वा कम्पनीलाई ।

(ग) मझौला र ठूला उद्योग स्थापना गर्न कम्पनीलाई ।

५. अनुमति दिनेः यस ऐन अन्तर्गत स्थापना गर्न अनुमति मागेमा साना, मझौला तथा ठूला उद्योगको हकमा उद्योग विभागले र श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको घरेलु उद्योगको हकमा घरेलु तथा ग्रामीण उद्योग विभागले अनुमति दिन सक्नेछ ।

तर मझौला तथा ठूला उद्योगको स्थापना गर्न अनुमति दिंदा उद्योग विभागले समितिको सिफारिशको आधारमा दिनु पर्नेछ ।

६. प्रतिरक्षासम्बन्धी उद्योग स्थापना गर्नमा बन्देजः यस ऐनको अन्य दफाहरूमा जुनसुकै करा लेखिएको भए तापनि सैनिक हातहतियार, खरखजाना वा

नेपाल कानून आयोग

विष्फोटक पदार्थ उत्पादन गर्ने जस्ता प्रतिरक्षासम्बन्धी उद्योग श्री ५ को सरकारबाहेक अरू कसैले स्थापना गर्न पाउनेछैन ।

७. <u>समितिको गठन, काम, कर्तव्य र अधिकारः</u> (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी एक औद्योगिक प्रवर्द्धन समिति गठन गर्नेछ ।

(२) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रचलित कानून र श्री ५ को सरकारको नीति अनुरूप मझौला वा ठूला उद्योग स्थापना गर्न सिफारिश गर्ने ।

(ख) औद्योगिक विकासको सन्दर्भमा प्रदत्त सुविधाहरू प्रभावकारी रूपमा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।

(ग) औद्योगकि प्रवर्द्धन तथा उद्यमशीलताको अभिवृद्ध गर्ने कामको लागि आवश्यकता अनुसार सम्बन्धित निकाय र उद्योगहरूको प्रतिनिधित्व हुने गरी उप-समितिहरू गठन गर्ने ।

(घ) प्रत्येक ५।५ वर्षमा औद्योगिक नीतिको पुनरावलोकन गर्ने ।

(३) समितिको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिएबमोजिम हुनेछ ।

८. <u>अन्तर्राष्ट्रिय सिमाना नजीक उद्योग स्थापना गर्नमा बन्देज</u> : (१) यस ऐन वा प्रचलित कानूनबमोजिम अनुमति लिनुपर्ने वा नपर्ने कुनै पनि उद्योग स्थापना गर्दा अन्तर्राष्ट्रिय सिमानाबाट आठ किलोमिटरभित्र स्थापना गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका उद्योग आठ किलोमिटरभित्र स्थापना गर्न पाइनेछ ।

(क) घरेलु उद्योग ।

(ख) श्री ५ को सरकारले स्थापना गरेको वा श्री ५ को सरकारको स्वीकृति लिई स्थापना भएको औद्योगिक क्षेत्रभित्र स्थापना गरिने उद्योग ।

(ग) पर्यटन उद्योग ।

(घ) सेवा उद्योग ।

(ङ) मनोरन्जन उद्योग ।

तर श्री ५ को सरकारले आवश्यक सम्झेमा उपदफा (१) बमोजिमको बन्देज उपरोक्त उद्योगमा पनि लागू गर्न सक्नेछ ।

९. <u>उद्योगको वर्गीकरण</u>: (१) यस ऐनको प्रयोजनको लागि उद्योगहरूलाई देहायबमोजिम वर्गीकरण गरिएको छः-

(क) <u>उत्पादनमूलक उद्योग</u>: कोरा माल वा अर्द्ध प्रशोधित माल वा उपउत्पादन वा खेर गइरहेका मालको प्रयोग वा पुनः प्रयोग गरी प्रशोधन वा उत्पादन गर्ने देहायका उद्योगहरू:-

(१) <u>आवश्यक उपभोग वस्तु उत्पादन गर्ने उद्योग</u>: चामल, दाल, पीठो, तेल, चिनी, खाँडसारी, दूध, घिउ, दुग्ध पदार्थ, पाउरोटी, बिस्कुट, चिया, कपडा, जुत्ता, चप्पल, साबुन, सलाई, कागज, कलम, सीसा कलम, मसी, स्टेशनरी सामान तथा औषधिहरू उत्पादन गर्ने र कपास जिनिंग र कपास र स्पिनिंग उद्योग ।

(२) अन्य उत्पादनमूलक उद्योगहरू ।

(ख) <u>उर्जामूलक उद्योग</u>: जलस्रोग वा सौर्य शक्ति, कोयला, प्राकृतिक तेल ग्यास, वायो-ग्यास, तथा अन्य स्रोतहरूबाट उर्जा पैदा गर्ने।

(ग) <u>कृषिमा आधारित विशेष उद्योग</u>: पशुपालन, कुखुरापालन, मत्स्यपालन, मौरीपालन, रेशम खेती (सेरी कल्चर), दुग्धशाला (डेरी फार्म) तथा श्री ५ को सरकारले कृषिमा आधारित विशेष उद्योग भनी तोकेको अन्य उद्योगहरू ।

(घ) खनिज उत्खनन र प्रशोधन उद्योग ।

(ङ) <u>पर्यटन उद्योगः</u> पर्टन कुटीर, पर्यटन आवास, मोटेल, होटेल, पर्यटक स्तरको रेष्टूराँ, बार, पदयात्रा (ट्रेकिंग), ट्राभल एजेन्सी, स्किईङ्ग, र्‍याफटिंग, केवलकार कम्प्लेक्स आदि विशिष्ट प्रकारको आमोद प्रमोद सुविधा जस्तो पर्यटन प्रवर्द्धनलाई प्रत्यक्ष रूपले सघाउ पुर्‍याउने, टेवा दिने वा सहायक हुने व्यवसाय ।

(च) <u>सेवा उद्योगः</u>-

(१) सार्वजनिक परिवहन व्यवस्था (ट्रक, वस सेवा, रोप्वे, ट्रमवे, ट्रलि बस, जलमार्ग परिवहन)

(२) निर्माण व्यवसाय (यन्त्र उपकरणले सुसज्जित सिभिल, मेकानिकल, इलेक्ट्रिकल, प्लम्बिंग, भूमिगत जल निष्कासन गर्ने ड्रिलिंग वोरिंग आदि) ।

(३) शीत गोदाम, ठूलो गोदाम, घर, भाडामा दिने आवास गृह (रेन्टल एपार्टमेन्ट) ।

(४) यन्त्रशाला, वर्कशप र मर्मतशाला ।

(५) छापाखाना ।

(६) उद्योग सम्बन्धी परामर्श सेवा ।

(७) अस्पताल, आरोग्यशाला तथा एक्सरे व्यवसाय ।

(८) प्याकिङ्ग, वेलिङ, जिनिङ्ग व्यवसाय ।

(९) फोटोग्राफी व्यवसाय ।

(१०) श्री ५ को सरकारले सेवा उद्योग भनी तोकेको अन्य उद्योगहरू ।

(छ) <u>मनोरन्जन उद्योग</u>ः-

(१) साँस्कृतिक नाचगान व्यवसाय ।

(२) चलचित्र उत्पादन गर्ने व्यवसाय ।

(३) सर्कस व्यवसाय ।

(ज) <u>जडान (एसेम्बलिंग) उद्योग</u>ः- विभिन्न पार्टपूर्जा (कम्पोनेन्ट) को उपयोगद्वारा मिलान जडान गरी तयारी सामानहरू उत्पादन गर्ने व्यवसाय ।

(२) उप-दफा (१) बमोजिम एकभन्दा बढी वर्गमा परेका वा कुनै वर्गमा नपरेका उद्योगलाई कुन वर्गमा राख्ने भन्ने कुराको निर्णय श्री ५ को सरकारले गर्नेछ ।

१०. उद्योगहरूलाई दिइने सुविधा सहुलियत तथा संरक्षणः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत स्थापना हुने उद्योगहरूलाई देहायबमोजिम सुविधा, सहूलियत तथा संरक्षण प्रदान गरिनेछः-

नेपाल कानून आयोग

(क) <u>आयकर सुविधा</u>ः-

(१) उत्पादनमूलक घरेलु उद्योगलाई सञ्चालन मितिदेखि ६ वर्षको लागि शत प्रतिशत आयकर छुट दिइनेछ ।

तर,

(१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आयकर छुट नपाउने भनी तोकेको उद्योगले आयकर सुविधा पाउनेछैन ।

(२) उपखण्ड (१) बमोजिम सुविधा पाएको उद्योगले त्यस्तो सुविधा पूर्ण अवधिभर पाउनेछ ।

(२) उत्पादनमूलक साना, मझौला तथा ठूला उद्योगलाई सञ्चालन मितिदेखि देहायको अवधिको लागि देहायबमोजिम शत प्रतिशत आयकर छुट दिइनेछः-

(क) बीसदेखि पचास प्रतिशतसम्म मूल्य अभिवृद्धि गर्ने उद्योगलाई पाँच वर्ष ।

(ख) पचास प्रतिशतभन्दा बढी मूल्य अभिवृद्धि गर्ने उद्योगलाई प्रत्येक दश प्रतिशत एकाई मूल्य अभिवृद्धिको निमित्त थप एक वर्ष ।

(३) आवश्यक उपभोग्य वस्तु उत्पादन गर्ने उद्योगलाई उपखण्ड (१) र (२) मा उल्लेखित छुट अवधिको अतिरिक्त थप दुई वर्षको लागि आयकर छुट दिइनेछ ।

(४) उर्जामूलक र खनिज उत्खनन् तथा प्रशोधन उद्योगलाई सञ्चालन मितिदेखि ६ वर्षको लागि शत प्रतिशत आयकर छुट दिइनेछ ।

तर पच्चीस प्रतिशतभन्दा बढी मूल्य अभिवृद्धि गर्ने त्यस्ता उद्योगलाई थप ६ वर्षको लागि शत प्रतिशत आयकर छुट दिइनेछ ।

(५) पर्यटन उद्योगलाई सञ्चालन मितिदेखि देहायको अवधिको लागि देहायबमोजिम शत प्रतिशत आयकर छुट दिइनेछः-

(क) पर्यटन क्षेत्रमा स्थापना हुनेलाई सात वर्ष ।

(ख) अन्य क्षेत्रमा स्थापना हुनेलाई पाँच वर्ष ।

(६) अर्ध-स्वचालित वा स्वचालित मेशीनहरू (जस्तै लेथ, शैपिङ्ग, मिलिङ्ग आदि) प्रयोग गरी पार्टपूर्जा, औजार, तयारी सामान बनाउने यन्त्रशाला, शीत गोदाम, ट्रलिबस तथा श्री ५ को सरकारले तोकेको स्तरको ठूलो गोदाम घर, अस्पताल, एक्सरे व्यवसाय, भाडामा दिने ठूलो आवास गृह, छापाखाना, जलमार्ग परिवहनलाई सञ्चालन मितिदेखि तीन वर्ष शत प्रतिशत आयकर



नेपाल कानून आयोग

छुट दिइनेछ । सोबाहेक अन्य सेवा उद्योगलाई आयकर छुट दिइनेछैन ।

(७) निर्यात प्रवर्द्धन क्षेत्रमा सञ्चालित हुने उद्योगलाई सञ्चालन मितिदेखि दश वर्षको लागि शत प्रतिशत र त्यसपछि पाँच वर्षको लागि पचास प्रतिशत आयकर छुट दिइनेछ ।

(८) कृषिमा आधारित विशेष उद्योगलाई सञ्चालन मितिदेखि दश वर्षको लागि शत प्रतिशत आयकर छुट दिइनेछ ।

(९) अविकसित क्षेत्रमा सञ्चालन हुने उद्योगलाई त्यस्तै उद्योगले अन्य क्षेत्रमा पाउने आयकर सुविधाको अतिरिक्त थप तीन वर्षको लागि शत प्रतिशत आयकर छुट दिइनेछ ।

(१०) कुनै उद्योगले जडित क्षमतालाई पचास प्रतिशतभन्दा बढी वृद्धि हुने गरी विस्तार गरेमा थप नयाँ स्थिर जेथा लागतको जम्मा पन्ध्र प्रतिशत रकम त्यस्तो उद्योगले तिर्नु पर्ने आयकर रकमबाट सात वर्षभित्र एकमुष्ट वा पटक पटक गरी कट्टी गर्न पाउनेछ ।

(११) कुनै उद्योगले आफ्नो वार्षिक उत्पादनको पच्चीस प्रतिशतभन्दा बढी परिमाण निकासी गरेमा सो वर्षको आयकर लाग्ने रकममा पन्ध्र प्रतिशत रकम छुट दिइनेछ र पचास प्रतिशतभन्दा बढी निकासी गरेमा पच्चीस प्रतिशत आयकर रकम छुट दिइनेछ ।



नेपाल कानून आयोग

(१२) नेपाली कामदारलाई रोजगार सुलभ गराउने तथा सीप अभिवृद्धि गर्ने उद्देश्यले श्री ५ को सरकार श्रम विभागबाट मान्यता दिइएको प्रशिक्षण वापत खर्च भएको रकमलाई उद्योगको वार्षिक खर्चमा समावेश गर्नुको साथै तिर्नु पर्ने आयकरबाट समेत कट्टी गर्न पाउनेछ ।

तर त्यसरी सट्टी गर्दा उद्योगको वार्षिक कुल बिक्री आयको एक प्रतिशतभन्दा बढी कट्टी गर्न पाउनेछैन ।

(ख) भन्सार सुविधाः-

(१) उद्योगको निर्माण र उत्पादनमा प्रत्यक्ष रूपले प्रयोग हुने यन्त्र उपकरण र औजार, खानी उत्खनन् तथा खनिज परिवहन साधन, जगेडा पूर्जाको पैठारीमा एक प्रतिशत भन्सार महसूल लाग्नेछ । भन्सार महसूल एक प्रतिशतभन्दा कम वा माफी गरिएको भए सोहीबमोजिम हुनेछ ।

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको उद्योगबाहेक अन्य उद्योगको उत्पादन, मिश्रण तथा प्रशोधन प्रक्रियामा प्रत्यक्ष रूपले प्रयोग हुने कोरा माल, सहायक कोरा माल तथा रासायनिक पदार्थको पैठारीमा एक प्रतिशत

नेपाल कानून आयोग

भन्सार महसूल लाग्नेछ । भन्सार महसूल एक प्रतिशतभन्दा कम वा माफी गरिएको भए सोहीबमोजिम हुनेछ ।

तर स्वदेशमा यथेष्ट परिमाणमा उपलब्ध भई सुगमता पूर्वक प्राप्त हुने त्यस्ता कोरा माल, सहायक कोरा माल तथा रासायनिक पदार्थ वा मेशीनरी र पार्टपूर्जाको पैठारीमा न्यूनतम १५ प्रतिशत भन्सार लाग्नेछ र आवश्यक भएमा श्री ५ को सरकारले नियन्त्रण गर्न सक्नेछ ।

(३) सरकारी वा अर्ध सरकारी संस्था, सहकारी संस्था वा तोकिएको पब्लिक कम्पनीबाट उद्योगको प्रयोगको लागि पैठारी गरिने उपखण्ड (१) र (२) मा उल्लेखित सामानमा सोही उपखण्डहरूमा उल्लेख भएबमोजिमको भन्सार महसूल लाग्नेछ।

(४) पर्यटन उद्योगको लागि प्रत्यक्ष रूपले प्रयोग हुने मालसामानमध्ये श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मालसामानको पैठारीमा एक प्रतिशत भन्सार लाग्नेछ ।

(५) निर्यात प्रवर्द्धन क्षेत्रबाहिर स्थापित बीस प्रतिशतभन्दा बढी मूल्य अभिवृद्धि गर्ने जडान उद्योगले आफ्नै प्रयोगको लागि पैठारी गर्ने पार्टपूर्जा (कम्पोनेष्ट) मा प्रचलित कानूनबमोजिम लाग्ने पैठारी

भन्सार महसूलभन्दा पच्चीस प्रतिशत कम भन्सार महसूल लाग्नेछ ।

(६) निर्यात प्रवर्द्धन क्षेत्रमा स्थापित हुने कुनै पनि उद्योगको निर्माण र उत्पादनमा प्रत्यक्ष रूपले प्रयोग हुने यन्त्र, उपकरण र औजार, जगेडा पूर्जा, पार्टपूर्जा (कम्पोनेष्ट) तथा उत्पादन, मिश्रण र प्रशोधन प्रक्रियामा प्रत्यक्ष रूपले प्रयोग हुने कोरा माल, सहायक कोरा माल तथा रासायनिक पदार्थको पैठारीमा एक प्रतिशत पैठारी भन्सार महसूल लाग्नेछ ।

(७) कुनै उद्योगबाट उत्पादित तोकिएको सामानबाहेक अन्य उत्पादित सामान विदेशमा निकासी गर्दा निकासी भन्सार महसूल लाग्ने छैन ।

(८) स्वदेशी औद्योगिक उत्पादन विदेशमा वा निर्यात प्रवर्द्धन क्षेत्रमा निकासी गर्दा सो वस्तु उत्पादन गर्न प्रयोग गरिएको कोरा माल, सहायक कोरा माल तथा रासायनिक पदार्थको पैठारी वापत एक प्रतिशतभन्दा बढी महसूल तरेको भए त्यसरी बढी तिरेको पैठारी भन्सार महसूल निकासी गरेको वस्तुको परिमाणको दामासाहीले फिर्ता पाउनेछ ।

(ग) <u>अन्तःशुल्क सुविधाः</u>-

नेपाल कानून आयोग

(१) घरेलु उद्योगलाई सञ्चालन मितिदेखि पाँच वर्षको लागि अन्तःशुल्क लाग्नेछैन ।

(२) साना, मझौला तथा ठूला उद्योगको हकमा सञ्चालन मितिदेखि तीन वर्षको लागि अन्तःशुल्क लाग्नेछैन ।

(३) अविकसित क्षेत्रमा स्थापना हुने उद्योगलाई त्यस्तै उद्योगले अन्य क्षेत्रमा पाउने अन्तःशुल्क छुट अवधिका अतिरिक्त थप पाँच वर्षको लागि अन्तःशुल्क लाग्नेछैन ।

(४) उपखण्ड (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको उद्योगहरूलाई अन्तःशुल्क छुट दिइनेछैन ।

तर उपखण्ड (१), (२) र (३) बमोजिम सुविधा पाएको उद्योगले त्यस्तो सुविधा पूर्ण अवधिभर पाउनेछ ।

(५) स्वदेशी औद्योगिक उत्पादन विदेशमा वा निर्यात प्रवर्द्धन क्षेत्रमा निकासी गरेमा त्यसरी निकासी गरेको परिमाणमा लागेको अन्तःशुल्क फिर्ता पाइनेछ ।

(६) निर्यात प्रवर्द्धन क्षेत्रमा स्थापित उद्योगको उत्पादनमा अन्तःशुल्क लाग्नेछैन ।

नेपाल कानून आयोग

(७) कुनै उद्योगले अन्तःशुल्क लागेको कोरा माल, सहायक कोरा माल र अर्ध प्रशोधित माल प्रयोग गरी उत्पादन गरेको वस्तुमा पनि अन्तःशुल्क लाग्ने भएमा त्यसरी प्रयोग गरेको मालको परिमाणमा लागेको अन्तःशुल्क छुट पाउनेछ ।

(घ) बिक्रिकर सुविधाः-

(१) घरेलु उद्योगको उत्पादनमा बिक्रीकर लाग्नेछैन ।

(२) उपखण्ड (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको घरेलु उद्योगको उत्पादनमा बिक्रिकर छुट दिइनेछैन ।

तर उपखण्ड (१) बमोजिम सुविधा पाएको घरेलु उद्योगले त्यस्तो सुविधा पूर्ण अवधिभर पाउनेछ ।

(३) उद्योगको निर्माण र उत्पादनमा प्रत्यक्ष रूपले प्रयोग हुने यन्तर् उपकरण र औजार, खानी उत्खनन् तथा खनिज परिवहन साधन, जगेडा पूर्जाको पैठारीमा बिक्रीकर छुट लाग्नेछैन ।

(४) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको उद्योगबाहेक अन्य उद्योगको उत्पादन, मिश्रण तथा प्रशोधन प्रक्रियामा प्रत्यक्ष रूपले प्रयोग हुने कोरा माल, सहायक

नेपाल कानून आयोग

कोरा माल तथा रासायनिक पदार्थहरूको पैठारीमा बिक्रीकर लाग्नेछैन ।

(५) कुनै उद्योगले बिक्रीकर लागेको कोरा माल, सहायक कोरा माल र अर्ध प्रशोधित माल प्रयोग गरी उत्पादन गरेको वस्तुमा पनि बिक्रीकर लाग्ने भएमा त्यसरी प्रयोग गरेको मालको परिमाणमा लागेको बिक्रीकर छुट पाउनेछ ।

(६) स्वदेशी औद्योगिक उत्पादन विदेशमा वा निर्यात प्रवर्द्धन क्षेत्रमा निकासी गरेमा त्यसरी निकासी गरेको परिमाणमा बिक्रीकर लाग्ने छैन ।

(ङ) परिवर्त्य विदेशी मुद्राको सटही सुविधाः- उद्योग सञ्चालनको लागि आवश्यक यन्त्र, उपकरण र औजार, जगौडा पूर्जा र पार्टपूर्जा (कम्पोनेण्ट) कोरा माल, सहायक कोरा माल तथा रासायनिक पदार्थहरू आयात गर्नको लागि र प्राविधिक परामर्श, प्राविधिक सहायता, सेवा शुल्क, व्यवस्थापन शुल्क, पेटेण्ट दस्तूर, उद्योग प्रवर्द्धन, बजार अध्ययन, बिक्री प्रवर्द्धन आदिको लागि परिवर्त्य विदेशी मुद्राको सटही सुविधा आवश्यकतानुसार प्रदान गरिनेछ ।

तर कोरा माल, सहायक कोरा माल र रासायनिक पदार्थहरू आयात गर्नको लागि परिवर्त्य विदेशी मुद्राको माग गर्दा वार्षिक

नेपाल कानून आयोग

आवश्यक परिमाण विगत वर्षमा आयात गरेको परिमाण, उद्योग गरिएको परिमाण, उत्पादित सामानको परिमाण र श्री ५ को सरकारलाई बुझाएको राजस्वसमेतको विवरण पेश गर्नु पर्नेछ ।

(च) अपाङ्गलाई तोकिएबमोजिम रोजगारी दिलाउने उद्योगलाई तोकिए बमोजिमको थप सुविधा गर्नु पर्नेछ ।

(छ) विद्युत् सहूलियतः-

(१) कुनै उद्योगले आफ्नै प्रयोगको लागि विद्युत् शक्ति उत्पादन गरेमा दस्तूर (रोयल्टी) लाग्नेछैन ।

(२) कुनै उद्योगले सार्वजनिक वितरणको लागि विद्यत् उत्पादन गरेमा वास्तविक वितरण गरेको यूनिटमा मात्र दस्तूर लागनेछ ।

(ज) ब्याज दरमा सहूलियतः- अविकसित क्षेत्रमा स्थापना भएको वा हुने उद्योगले श्री ५ को सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको वित्तिय संस्थाबाट ऋण लिंदा अन्य क्षेत्रमा स्थापना भएको वा हने त्यस्तै उद्योगले त्यस्तो संस्थाबाट ऋण लिंदा तिर्नु पर्ने ब्याज दरभन्दा दुई प्रतिशत कम ब्याज दर लाग्नेछ ।

(झ) ह्रास कट्टीको सहूलियतः-

नेपाल कानून आयोग

(१) ह्रास कट्टीको दृष्टिकोणले स्थिर जेथाको आयु वर्ष देहायबमोजिम निर्धारण गरिएको छः-

(क) सबै किसिमको भवन, ड्रेनेज, ढल, जल वितरण आदि- बीस वर्ष

(ख) सबै किसिमको यन्त्र, उपकरण र औजार- दश वर्ष

(ग) परिवहन साधन, फर्निचर र फिक्स्चर, कार्यालय उपकरण- पाँच वर्ष

(घ) माथि अन्यत्र कतै नपरेका स्थिर जेथा- दश वर्ष

(२) उद्योगले स्थिर जेथाको ह्रास गर्दा समान किस्ता प्रणाली वा अधिकतर दरमा कट्टी गर्न पाउनेछ ।

(ञ) <u>अन्य सहुलियत</u>:-

(१) पूँजीकृत पूर्व लगानी र पूर्व सञ्चालन खर्च उद्योग सञ्चालन भएको प्रथम दश वर्षभित्र वार्षिक खर्चमा समावेश गर्न पाउनेछ ।

(२) कुनै उद्योगले पुरानो यन्त्र, उपकरण प्रयोग गरेमा सोको मूल्य प्रचलित बजारभाउको आधारमा कायम गर्न पाउनेछ ।

नेपाल कानून आयोग

(३) घरेलु उद्योगको यन्त्र, उपकरण र औजारमा भएको लगानीको हिसाब गर्दा ट्रान्सफर्मर र जेनेरेटरको लागत मूल्य समावेश गरिनेछैन ।

(ट) संरक्षणः-

(१) कुनै उद्योगको वित्तिय स्थिति, उत्पादन क्षमता र उत्पादित वस्तुको गुणस्तर र मूल्यको प्रतिस्पर्धात्मक स्थितिको परिप्रेक्ष्यमा श्री ५ को सरकारले विदेशबाट आयात हुने वस्तुमा नेपाल अधिराज्यभर वा क्षेत्रीय आधारमा परिमाणात्मक वा पूर्ण बन्देज लगाई वा बढी महसूल लगाई स्वदेशी उद्योगलाई संरक्षण प्रदान गर्न सक्नेछ ।

(२) कुनै उद्योगले आफूले उत्पादन गरेको सामान अन्तर्राष्ट्रिय बोलपत्रमा प्रतिस्पर्धा गरी अधिराज्यभित्रै बिक्री गरेरमा पनि विदेशमा निकासी गरेसरह मानी त्यसरी विक्री गरेको सामानमा निकासी गरे बापत पाउने सबै सुविधा तथा सहूलियत पाउनेछ।

११. उद्योगको राष्ट्रियकरण नहुनेः कुनै पनि उद्योगको राष्ट्रियकरण गरिनेछैन ।

तर विशेष कारणवश राष्ट्रियकरण गर्नु पर्ने भएमा न्यायोचित मूल्याङ्कनको आधारमा मुआब्जा दिइनेछ ।

नेपाल कानून आयोग

१२. <u>औद्योगिक जनशक्तिः</u> (१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकहरूबाटै पूर्ति गर्नु पर्नेछ ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योग विदेशी जनशक्ति विना सञ्चालन हुन नसक्ने भएमा त्यस्तो उद्योग श्रम विभागको पूर्व स्वीकृति लिई बढीमा सात वर्षको लागि विदेशी नागरिक नियुक्ति गर्न सकिनेछ त्यसरी नियुक्त गरिएको व्यक्ति नेपालभित्र उपलब्ध हन नसक्ने विशिष्ट प्रकारको प्राविधिक भएमा श्रम विभागको स्वीकृति लिई त्यस्ता व्यक्तिलाई थप पाँच वर्षको लागि पुनः नियुक्त गर्न सकिनेछ ।

(३) उप-दफा (२) बमोजिम कुनै उद्योगमा कार्यरत विदेशी नागरिकले प्राप्त गरेको तलब, भत्ता, मेहनताना आदि रकमको बढीमा पचहत्तर प्रतिशतसम्म विदेशी मुद्रामा फिर्ता लैजान पाउनेछ ।

१३. <u>उद्योगको पुनरोत्थान, आधुनिकीकरण, विविधिकरण वा बिस्तार गर्न स्वीकृति लिनु पर्नेः</u> उद्योगको पुन पुनरोत्थान, आधुनिकीकरण, विविधिकरण वा बिस्तार गर्न सम्बन्धित उद्योगले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

१४. <u>अघि स्थापित उद्योगले पाउने सुविधाः</u> (१) यो ऐन प्रारम्भ हुनुअघि स्थापित कुनै उद्योगले तत्काल प्रचलित कानूनबमोजिम कुनै सुविधा, सहूलियत तथा संरक्षण प्राप्त गरी राखेको भए त्यस्तो उद्योगले सोही कानूनबमोजिम सुविधा सहूलियत तथा संरक्षण उपभोग गर्न पाउनेछ ।

तर अवधि नकिटिएका सुविधाका हकमा यसै ऐनमा लेखिएबमोजिम हुनेछ ।

(२) यो ऐन प्रारम्भ हुनुअघि अनुमति प्राप्त गरी स्थापित भएको कुनै उद्योगले तत्काल प्रचलित कानूनबमोजिम कुनै सुविधा, सहूलियत तथा संरक्षण पाई नआएको र यो ऐनबमोजिम पाउन सक्ने भए त्यस्तो उद्योगले यसै ऐनबमोजिमको सुविधा, सहूलियत तथा संरक्षण पाउनेछ ।

(३) यो ऐन प्रारम्भ हुनुअघि अनुमति प्राप्त गरे तापनि यो ऐन प्रारम्भ भैसकेपछि मात्र स्थापना भएको वा उत्पादन शुरू गरेको उद्योगले यसऐ ऐनबमोजिमको सुविधा, सहूलियत तथा संरक्षण मात्र उपभोग गर्न पाउनेछ ।

(४) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम वर्गीकरण भएको कुनै उद्योगले यस ऐनबमोजिम वर्ग परिवर्तन वा विविधिकरण वा विस्तार गर्न चाहेमा त्यस्तो उद्योगले पाउने सुविधा, सहूलियत तथा संरक्षण श्री ५ को सरकारले अघि प्रदान गरेको सुविधा, सहूलियत तथा संरक्षणको आधारमा निर्धारण गर्न सक्नेछ ।

१५. <u>श्री ५ को सरकारले निर्देशन दिन सक्ने</u>: श्री ५ को सरकारले देहायको विषयमा कुनै उद्योगलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित उद्योगको कर्तव्य हुनेछः-

नेपाल कानून आयोग

(क) उद्योगको उत्पादन वा सेवाको गुणस्तर, मूल्य र वितरण प्रणाली सम्बन्धमा ।

(ख) बन्द भएको वा कुल उत्पादन क्षमताको २० प्रतिशतभन्दा कम क्षमतामा चलेको उद्योगको व्यवस्थापन सम्बन्धमा ।

(ग) मजदूर र व्यवस्थापन बीचको सुसम्बन्धमा कायम राख्ने सम्बन्धमा ।

(घ) पर्यावरण दूषण सम्बन्धमा ।

(ङ) सार्वजनिक हितको संरक्षण सम्बन्धमा ।

१६. प्रतिवेदन दिनु पर्नेः यस ऐन अन्तर्गत स्थापना भएका उद्योगहरूले सम्बन्धित विभागमा तोकिएबमोजिम प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१७. श्री ५ को सरकारको अधिकारः (१) यस ऐन बमोजिम अनुमति लिनु पर्ने अनुमति नलिई कसैले उद्योग स्थापना गरेमा वा दफा १५ बमोजिमको निर्देशन पालन नगरेमा वा दफा १६ बमोजिम प्रतिवेदन पेश नगरेमा वा यस ऐनको अरू कुनै कुरा उल्लङ्घन गरेमा वा यस ऐन अन्तर्गतको सुविधाको दुरुपयोग गरेमा त्यस्ता उद्योगलाई श्री ५ को सरकारले देहायबमोजिम कारवाही गर्न सक्नेछः-

(क) एक हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरीवाना गर्ने,

(ख) सुविधा, सहूलियत तथा संरक्षण निलम्बन वा रोक्का गर्ने,

नेपाल कानून आयोग

(ग) प्रतिनिधि खटाई निजको रेखदेखमा सञ्चालन गराउने,

(घ) बन्द गराउने ।

(२) उपदफा (१) अन्तर्गत कारवाही गर्नुअघि सो विषयमा सम्बन्धित उद्योगलाई स्पष्टीकरण पेश गर्न वा सुधार गर्न मुनासिव मौका दिइनेछ ।

१८. मध्यस्थता: (१) उद्योगसम्बन्धी आपसी मतभेद भएमा त्यस सम्बन्धमा निम्नबमोजिम मध्यस्थहरूबाट मध्यस्थता गराइनेछः-

(क) सम्बन्धित पक्षहरूबाट मनोनीत एक एक जना- मध्यस्थ

(ख) खण्ड (क) बमोजिम मनोनीत मध्यस्थहरूले छानेको एकजना कानून ज्ञाता- मध्यस्थ

(२) उप-दफा (१) को खण्ड (ख) बमोजिम छानेको मध्यस्थले मध्यस्थताको अध्यक्षता गर्नेछ ।

(३) कुनै पक्षले आफ्नो मध्यस्थ मनोनीत नगरेमा अर्को पक्षले तीन महीनाको म्याद दिई मनोनयनको लागि लिखित सूचना दिन सक्नेछ । सो म्यादभित्र पनि सम्बन्धित पक्षले मध्यस्थ मनोनीत नगरेमा श्री ५ को सरकारले मध्यस्थ मनोनीत गरी दिनेछ ।

नेपाल कानून आयोग

(४)  उप-दफा (१) को खण्ड (क) बमोजिम मनोनीत मध्यस्थहरूले आफू मनोनीत भएको मितिले तीन महीनाभित्र खण्ड (ख) बमोजिम मध्यस्थ मनोनीत गर्न नसकेमा श्री ५ को सरकारले मध्यस्थ मनोनीत गरी दिनेछ ।

(५) यस दफाबमोजिम मध्यस्थहरूलाई सुम्पिएको कुनै विषयमा कुनै अड्डा वा अदालतमा नालिश वा उजूर लाग्नेछैन । त्यस्ता विषयमा मध्यस्थहरूले गरेका निर्णय यस दफामा लेखिएको अन्य कुराहरूका अधीनमा रही सम्बन्धित पक्षहरूलाई मान्न कर लाग्नेछ ।

(६) मध्यस्थहरूले आफ्नो काम कारवाहीको सिलसिलामा सबूत प्रमाण बुझ्न पक्ष वा साक्षीहरूलाई उपस्थित गराउन र लिखत दाखिल गराउने सम्बन्धमा प्रचलित कानूनबमोजिम अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछन्। ।

(७) कुनै मध्यस्थको मृत्यु भएमा वा निजले आफ्नो काम गर्न असमर्थता वा लापरवाही देखाएमा सो मध्यस्थ मनोनीत गर्ने पक्षले निजको सट्टा अर्को मध्यस्थ मनोनीत गर्न सक्नेछ । सोबमोजिम अर्को मध्यस्थ मनोनीत गर्न पर्ने पक्षले मध्यस्थको मनोनयन नगरेमा अर्को पक्षले पन्ध्र दिनको म्याद दिई मध्यस्थको मनोनयनको लागि लिखत सूचना दिन सक्नेछ। सो म्यादभित्र सम्बन्धित पक्षले मध्यस्थको मनोनयन नगरेमा वा सोबमोजिम मनोनीत मध्यस्थले पनि आफ्नो काम गर्न असमर्थता वा लापरवाही देखाएमा

नेपाल कानून आयोग

बाँकी मध्यस्थहरूले नै मध्यस्थताको काम कारवाही गर्न र मध्यस्थसम्बन्धी विषयमा निर्णय दिन सक्नेछ ।

(८) मध्यस्थहरूको राय आपसमा बाझिएमा बहुमतको निर्णय मान्य हुनेछ । बहुमत हुन नसकेमा सर्वोच्च अदालतले समर्थन गरेको रायबमोजिम हुनेछ ।

(९) यस दफाबमोजिम मध्यस्थहरूद्वारा भएको निर्णय अन्तिम हुनेछ र अदालतको निर्णयसरह कार्यान्वित गरिनेछ । त्यस सम्बन्धमा कुनै अड्डा वा अदालतमा नालिश उजूर वा पुनरावेदन लाग्नेछैन ।

(१०) यस दफमा लेखिएदेखिबाहेक मध्यस्थतासम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

१९. <u>नियम बनाउने अधिकार</u>ः (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्वसामान्यतया प्रतिकूल प्रभाव नपर्ने गरी खास गरेर देहायका विषयहरूमा नियमहरू बनाउन सक्नेछः-

(क) उद्योगीहरूको वर्गीकरण र उनीहरूलाई प्रदान गरिने सुविधा सम्बन्धमा,

(ख) मूल्य अभिवृद्धिको प्रतिशत निर्धारण गर्ने सम्बन्धमा,



नेपाल कानून आयोग

(ग) उद्योगको स्थिर जेथाको मूल्याङ्कन गर्ने सम्बन्धमा,

(घ) निर्यात प्रवर्द्धन क्षेत्रको स्थापना तथा व्यवस्थापन सम्बन्धमा ।

२०. <u>अधिकार प्रत्यायोजनः</u> श्री ५ को सरकारले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम आफूलाई, उद्योग विभागलाई वा घरेलु तथा ग्रामीण उद्योग विभागलाई प्राप्त अधिकार अन्य कुनै विभाग, कार्यालय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२१. <u>बचाउः</u> प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरूमा लेखिए जति कुरा सोहीबमोजिम हुनेछ ।

२२. <u>खारेजीः</u> औद्योगिक व्यवसाय ऐन, २०३० खारेज गरिएको छ ।

नेपाल कानून आयोग

# औद्योगिक व्यवसाय (पहिलो संशोधन) ऐन, २०४२

| लालमोहर सदर मिति | नेपाल राजपत्रमा प्रकाशित मिति |
| --- | --- |
| २०४२।७।१४।४ | २०४२।७।१४।४ |

औद्योगिक व्यवसाय ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: औद्योगिक व्यवसाय ऐन, २०३८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "औद्योगिक व्यवसाय (पहिलो संशोधन) ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा २ मा संशोधन: औद्योगिक व्यवसाय ऐन, २०३८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (झ) पछि देहायको खण्ड (झ१), (झ२), (झ३) थपिएका छन् :-

"(झ१) "कोरा माल" भन्नाले उद्योगको उत्पादन, मिश्रण तथा प्रशोधन प्रक्रियामा प्रत्यक्षरूपले प्रयोग हुने कोरा माल सम्झनुपर्छ ।

नेपाल कानून आयोग

(झ२) "सहायक कोरा माल" भन्नाले उद्योगको उत्पादन, मिश्रण तथा प्रशोधन प्रक्रियामा प्रत्यक्षरूपले प्रयोग हुने सहायक कोरा माल सम्झनुपर्छ ।

(झ३) "रासायनिक पदार्थ" भन्नाले उद्योगको उत्पादन, मिश्रण तथा प्रशोधन प्रक्रियामा प्रत्यक्षरूपले प्रयोग हुने रासायनिक पदार्थ सम्झनुपर्छ ।

(झ४) "स्वदेशी कच्चा पदार्थ" भन्नाले स्वदेशी कच्चा पदार्थ वा विदेशी कच्चा पदार्थमा स्वदेशका उद्योगले कम्तिमा पचास प्रतिशत मूल्य अभिवृद्धि गरी उत्पादन गरेको कच्चा पदार्थ सम्झनुपर्छ ।

३. मूल ऐनमा दफा २ पछि दफा २क. र २ख. थप: मूल ऐनको दफा २ पछि देहायको दफा २क. र २ख. थपिएको छ :-

"२क. उद्योगको स्तर तोक्ने: उद्योगको प्रकृतिको आधारमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घरेलु, साना, मझौला वा ठूलो उद्योगको रूपमा मात्र स्थापना गर्न पाउने गरी तोक्न सक्नेछ।

२ख. घरेलु उद्योगको उत्पादनको सीमा तोक्न सक्ने: यो ऐन वा यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम स्थापित कुनै घरेलु उद्योगको प्रवृत्तिको आधारमा श्री ५ को सरकारले सम्बन्धित उद्योग व्यवसायी

नेपाल कानून आयोग

संस्था समेतको राय लिई त्यस्तो घरेलु उद्योगको वार्षिक उत्पादनको अधिकतम मूल्यको सीमा तोक्न सक्नेछ ।"

४. मूल ऐनको दफा १० मा संशोधनः मूल ऐनको दफा १० को,-

(१) खण्ड (क) को उपखण्ड (२) पछि देहायको उपखण्ड (२क) थपिएको छ :-

"(२क) उपखण्ड (१) र (२) मा जुनसुकै कुरा नेखिएको भए तापनि कुनै उद्योगको स्तर परिवर्तन भएमा स्तर परिवर्तन भएको मितिदेखि त्यसरी स्तर परिवर्तन भएको उद्योगले नयाँ स्तरको उद्योगमा रहँदा पाउने सुविधामा साविकको स्तरमा रहँदा पाइसकेको सुविधा कट्टा गरी बाँकी सुविधा मात्र पाउनेछ ।"

(२) खण्ड (क) को उपखण्ड (३) मा रहेको "आवश्यक उपभोग्य वस्तु उत्पादन गर्ने उद्योगलाई" भन्ने शब्दहरूको सट्टा "श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई" भन्ने शब्दहरू राखिएका छन् ।

(३) खण्ड (क) को उपखण्ड (९) पछि देहायको उपदफा (९क) थपिएको छ :-

"(९क) उपरोक्त उपखण्डहरूमा उल्लिखित अवधि व्यतित भएपछि कुनै उद्योगको नाम वा स्वामित्व परिवर्तन भए पनि त्यस्तो

उद्योगलाई उक्त उपखण्डहरूबमोजिम पुनः आयक् सुविधा दिइनेछैन ।"

(४) खण्ड (क) को उपखण्ड (१२) पछि देहायको उपखण्ड (१३) र (१४) थपिएका छन् :-

"(१३) कुनै पब्लिक कम्पनीको रूपमा रहेको उद्योगले कम्तिमा जारी पूंजीको पन्ध्र प्रतिशत शेयर धितोपत्र कारोबार गर्न मान्यता प्राप्त संस्थामार्फत सर्वसाधरणमा जारी गरी एक व्यक्तिलाई बढीमा एकसय थान शेयर लनि शेयरवालाहरूको स्वामित्वमा रहने गरी वितरण गरेमा त्यस्ता उद्योगलाई थप पाँच प्रतिशतसम्म आयक् छुटको सुविधा दिइनेछ ।"

(१४) कुनै उद्योगले आफ्नो मुनाफाबाट श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको पब्लिक कम्पनीको रूपमा रहेको उद्योगको शेयरमा लगानी गरेमा त्यसरी लगानी गरेको रकममा शत प्रतिशत आयकर छुट दिइनेछ ।"

(५) खण्ड (ख) को उपखण्ड (२) मा रहेको "उत्पादन, मिश्रण तथा प्रशोधन प्रक्रियामा प्रत्यक्षरूपले प्रयोग हुने" भन्ने शब्दहरूको सट्टा "लागि आवश्यक पर्ने" भन्ने शब्दहरू राखिएका छन् ।

(६) खण्ड (ख) को उपखण्ड (६) मा रहेको "उत्पादन, मिश्रण तथा प्रशोधन प्रक्रियामा प्रत्यक्षरूपले प्रयोग हुने" भन्ने शब्दहरूको झिकिएका छन् ।

(७) खण्ड (ग) को उपखण्ड (४) मा रहेका "अन्तःशुल्क छुट दिइनेछैन" भन्ने शब्दहरूको सट्टा "सोही सूचनामा तोकेको दरमा अन्तःशुल्क" लाग्नेछ" भन्ने शब्दहरू राखिएका छन् ।

(८) खण्ड (ग) को उपखण्ड (४) पछि देहायको उपखण्ड (४क) थपिएको छः-

"(४क) उपखण्ड (१), (२) र (३) मा उल्लिखित अवधि व्यतित भएपछि कुनै उद्योगको नाम वा स्वामित्व परिवर्तन भए पनि त्यस्ता उद्योगलाई उक्त खण्डहरूबमोजिम पुनः अन्तःशुल्क सुविधा दिइनेछैन ।"

(९) खण्ड (ग) को उपखण्ड (५) को शुरूमा "श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको स्वदेशी औद्योगिक उत्पादन बाहेक अन्य" भन्ने शब्दहरू थपिएका छन् ।

नेपाल कानून आयोग

(१०) खण्ड (ग) को उपखण्ड (७) मा रहेका "छुट पाउनेछ" भन्ने शब्दहरूको अगाडि "उद्योग विभागले तोकेको मापदण्डको आधारमा" भन्ने शब्दहरू थपिएका छन् ।

(११) खण्ड (घ) को उपखण्ड (४) मा रहेका "उत्पादन, मिश्रण तथा प्रशोधन प्रक्रियामा प्रत्यक्षरूपले प्रयोग हुने" भन्ने शब्दहरूको सट्टा "लागि आवश्यक पर्ने" भन्ने शब्दहरू राखिएका छन् ।

(१२) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :-

"(झ) <u>ह्रास सट्टीको सहुलियत</u> :-

(१) उद्योगले स्थीर जेथाको ह्रास कट्टी गर्दा प्रचलित आयकर नियमावलीमा उल्लिखित दरमा पच्चीस प्रतिशत थप गरी कट्टा गर्न पाउनेछ ।

(२) उद्योगले स्थीर जेथाको ह्रास कट्टी गर्दा समान किस्ता प्रणाली वा अधिकतार (एक्सीलरेटेड) दरमा कट्टी गर्न पाउनेछ ।

तर एउटा प्रणाली अपनाएपछि अर्को प्रणालीमा परिवर्तन गर्न पाउनेछैन ।"

नेपाल कानून आयोग

५. मूल ऐनमा दफा १० पछि दफा १०क. र १०ख. थप : मूल ऐनको दफा १० पछि देहायको दफा १०क. र १०ख. थपिएका छन् :-

"१०क. उपसमितिको गठन, काम, कर्तव्य र अधिकार तथा कार्यविधिः (१) घरेलु उद्योगहरूलाई दफा १० को खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित आयकर, भंसार, अन्तःशुल्क र बिक्रीकर सुविधा तोकिएको समयभित्र उपलब्ध गराउन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार सम्बन्धित व्यक्तिहरू रहेको केन्द्र र जिल्लास्तरीय उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका उपसमितिहरूको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सोही उपदफा (१) बमोजिम प्रकाशित सूचनामा तोकेबमोजिम हुनेछ ।

१०ख. उद्योग बन्द गर्न स्वीकृति लिनुपर्ने : (१) यो ऐन वा यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम स्थापित तोकिएको प्रकृतिको कुनै उद्योग बन्द गर्नु परेमा तोकिएएबमोजिमका विवरणहरू खुलाई सम्बन्धित विभागमा सूचना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएको मितिले तीन दिनभित्र सम्बन्धित विभागले निर्णय दिनेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृति प्राप्त नगरी त्यस्तो उद्योग बन्द गर्न पाइनेछैन ।"

६. <u>मूल ऐनको दफा १४ मा संशोधन</u> : मूल ऐनको दफा १४ को,-

(१) उपदफा (१) मा रहेका "औद्योगिक व्यवसाय ऐन, २०३० बमोजिम" भन्ने शब्दहरूको सट्टा "कानूनबमोजिम" भन्ने शब्दहरू र सोही उपदफामा रहेको "ऐनबमोजिम" भन्ने शब्दहरूको सट्टा "कानूनबमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि अनुमति प्राप्त गरी अनुमतिपत्रमा अवधि तोकिएको भए सो अवधिभित्र र अवधि नतोकिएमा यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र उत्पादन शुरू गरेका कुनै उद्योगले उपदफा (३) अनुसार यो ऐनबमोजिमको सुविधा, सहुलियत तथा संरक्षण पाउन नसक्ने भएमा त्यस्तो अनुमति पाएको बखत प्रचलित रहेको कानूनबमोजिम कुनै सुविधा, सहुलियत तथा संरक्षण पाउने रहेछ भने त्यस्तो उद्योगले सोही कानूनबमोजिम सुविधा, सहुलियत तथा संरक्षण पाउनेछ ।"

७. <u>मूल ऐनको दफा १६ मा संशोधन</u> : मूल ऐनको दफा १६ मा रहेका "यस ऐन अन्तर्गत" भन्ने शब्दहरूको सट्टा "यो ऐन वा यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

८. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को,-

(१) उपदफा (१) मा रहेका "स्थापना गरेमा वा" भन्ने शब्दहरूपछि "कुनै उद्योगले" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) कुनै उद्योगले दफा १०ग बमोजिम सम्बन्धित विभागको स्वीकृति नलिई उद्योग बन्द गरेमा श्री ५ को सरकारले त्यस्ता उद्योगलाई पच्चीसहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।"

नेपाल कानून आयोग